मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन शाखा)

**मन्थली, रामेछाप**

**बागमती प्रदेश, नेपाल**

प.सं.:- ०८१/०८२

च.नं.:-

फोन नं. -०४८-५४०११२

## सेवा करारमा जनशक्ति आवश्यकता सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशन मितिः२०८१।०६।२२

मन्थली नगरपालिकाको **सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६** अनुसार **देहाय बमोजिम पदका** लागि खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा जनशक्ति व्यवस्थापन गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०८१/०७/०६ गते सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा लोक सेवा आयोगबाट निर्धारित दरखास्त फारम भरी सक्कलै प्रति यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

### (क) विज्ञापन नं, पद तथा आवश्यक न्यूनतम योग्यता :

| सि.नं. | विज्ञापन नं. | पद | सेवा | तह | संख्या | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | १-०८१/०८२ | लेखा व्यवस्थापक | करार | सहायक पाँचौ | १ (एक) | मान्यताप्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण । | मन्थली अस्पताल अन्तर्गत |
| २ | २-०८१/०८२ | मनोसामाजिक परामर्शकर्ता | करार | सहायकस्तर पाँचौ | १ (एक) | मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, पब्लिक हेल्थ, स्वास्थ्य शिक्षा, समाजशास्त्र विषयमा स्नातक तह वा पोष्ट ग्राजुएट डिप्लोमा ईन काउन्सेलिङ्ग, उत्तिर्ण गरेको । | मन्थली नपा सामी कार्यक्रम |
| ३ | ३-०८१/०८२ | अ.हे.ब. | करार | सहायक स्तर चौथो | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA वा सो सरह उत्तिर्ण गरेको । | नपा अन्तर्गत का स्वास्थ्य संस्था |

१. **संलग्न गर्नु पर्ने कागजातहरु र अन्य योग्यता :**

क) दरखास्त फारम (ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (घ) तालिमको प्रमाणपत्रको प्रतिलिपि (ङ) तालिम तथा कार्यानुभवको कागजातको प्रतिलिपि (च) प्रचलित कानुनले अयोग्य नठहरिएको । (छ) राजश्व वुझाएको रसिद ।

नोट: सि.नं २ को पदका हकमा मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र लिएकोलाई विषेश प्राथमिकता दिईने छ। साथै सि.नं १ र २ को दुवै पदका हकमा Excel, word, Powerpoint , mail internet सहित नेपाली अग्रेजी टाईपिङंग यूनिकोणमा समेत राम्रो ज्ञान सीप भएको, माथिल्लो शैक्षिक योग्यता भएको साथै नेपाल सरकार, स्थानीय तहका सरकारी कार्यालय, शैक्षिक संस्था, बैंक तथा वित्तिय संस्थामा १ बर्ष भन्दा वढीको कार्यानुभव भएकोलाई प्राथमिकता दिईने छ ।

२. **उमेर हद:** १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको । (महिलाको हकमा ४० बर्ष ननाघेको।)

३. **दरखास्त फारम :** यस नगरपालिकाको वेभसाईट www.manthalimun.gov.np वाट डाउनलोड गरी वा कार्यालयको राजस्व शाखावाट तोकिएको दस्तुर तिरी प्राप्त गर्न सकिने छ ।

४. **दरखास्त दस्तुर :** उल्लेखित सवै पदका लागि रु. ७००/ सात (सय मात्र) यस कार्यालयको राजश्व उपशाखामा नगदै वुझाई वा यस कार्यालयको नाममा रा.बा.बैक मन्थली शाखाको आन्तरिक राजश्व खाता (ग-१-१) १६८०१००३०१०१०००२ मा रकम जम्मा गरी सक्कलै रसिद पेश गर्नु पर्ने ।

५. **छनौटको किसिम :** छोटो सूची प्रकाशन र प्रयोगात्मक एवं अन्तर्वार्ता परीक्षा।

६. **परीक्षा मिति :** छोटो सूची (Short list) को सूचना प्रकाशन हुँदा तय गरिने छ ।

७. **सेवा तथा सुविधा :** सम्वन्धित पदका लागि चालु आ.ब.मा नेपाल सरकारले निर्धारण गरेको आधारभूत तलबमान र अन्य सुविधाको हकमा आपसि समझदारीमा निर्धारण हुनेछ।

८. **करार अवधि :** २०८१ पौष मसान्त सम्म । (सेवाको आवश्यकताका आधारमा करार नियमानुसार समयावधि थप हुने।)

नोट: थप जानकारीका लागि मन्थली नगरपालिकाको कार्यालयको मन्थली नगरपालिकाको website/ Facebook page वा कार्यालयको सोधपुछ कक्ष/फोन नं ०४८-५४०५३२ मा हेर्न/सम्पर्क गर्न सकिने छ ।

**छनौट तथा सूचीकरण समिति**

६।२२